# पोखरा विश्वविद्यालय

पोखरा-३०, कास्की, नेपाल ।

## स्नातक तहको छात्रवृत्ती सम्बन्धी सूचना

(प्रकाशित मिति २०७७/११/१३ गते बिहीबार)

पोखरा विश्वविद्यालयका आङ्गिक, संयुक्त आंगिक र सम्बन्धन प्राप्त स्कूल तथा कलेजहरुमा पोखरा विश्वविद्यालयको मिति २०७७/११/०९ गतेको निर्णय र पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५ बमोजिम निःशुल्क छात्रवृत्ति अध्ययनको लागी खुला प्रतियोगिताबाट उम्मेदवार छनोट गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आवहान गरिएको छ । विश्वविद्यालयलाई प्राप्त हुन जाने तपशिल बमोजिमको संकायहरुको छात्रवृत्ति कोटाहरु मध्ये स्थानीय छात्रवृत्ति र शिक्षक तथा कर्मचारी सन्तती छात्रवृत्तिको कोटा बाहेक ६० प्रतिशत कोटा खुला र ४० प्रतिशत कोटा सिमान्तकृत वर्ग (अपाङ्ग, शहिद तथा जनआन्दोलन घाइते पीडित, दुर्गम, दलित, जनजाती र मधेशी समुदाय) लाई सुरक्षित गरिएकोछ । खुला र सिमान्तकृत दुवै प्रकारको छात्रवृत्ति कोटामा महिलाहरुको लागी ५०/५० प्रतिशत छात्रवृत्ति कोटा सुरक्षित गरिएकोछ । छात्रवृत्ति कार्यक्रम सम्बन्धी विस्तृत जानकारी पोखरा विश्वविद्यालयको Website: https://pu.edu.np/ अथवा https://scholarship.pu.edu.np मा हेर्न सकिनेछ ।

### (क) स्नातक तहमा भर्नाका लागि न्यूनतम शैक्षिक योग्यताः

| संकाय | कार्यक्रम | न्यूनतम मापदण्ड | |
|---|---|---|---|
| | | १०+२ या सो सरहको तहमा अक्षराङ्कन पद्धति अनुसार | १०+२ या सो सरहको तहमा अङ्क पद्धति अनुसार |
| व्यवस्थापन | स्नातक तहका सबै कार्यक्रमहरु | न्यूनतम सिजिपिए १.८० (प्रत्येक विषयमा न्यूनतम "D+" Grade ) हुनुपर्ने | न्यूनतम दोस्रो श्रेणी (४५ प्रतिशत अङ्क प्राप्त गरेको) हुनुपर्ने |
| विज्ञान तथा प्रविधि (क) | सबै Engineering कार्यक्रमहरु | प्रत्येक विषयमा न्यूनतम "C" Grade हुनुपर्ने | न्यूनतम दोस्रो श्रेणी (४५ प्रतिशत अङ्क प्राप्त गरेको) हुनुपर्ने |
| | विज्ञान तथा प्रविधि (क) संग सम्बन्धित इन्जिनियरीङ कार्यक्रम अध्ययनको लागी १०+२ वा सो सरहको तहमा वायोलोजी समूहमा अध्ययन गरेकाले पनि आवेदन दिन सक्नेछन । तर न्यूनतम १०० नम्बरको Mathematics पढेको हुनुपर्नेछ । | | |
| विज्ञान तथा प्रविधि (ख) | Bachelor of Science in Environmental Management | प्रत्येक विषयमा न्यूनतम "C" Grade हुनुपर्ने | न्यूनतम दोस्रो श्रेणी (४५ प्रतिशत अङ्क प्राप्त गरेको) हुनुपर्ने |
| | Bachelor of Computer Application | प्रत्येक विषयमा न्यूनतम "C" Grade हुनुपर्ने | |
| | BCA को हकमा विज्ञान विषयमा १०२ वा सो सरहको तहमा एक विषय साधारण गणित वा कम्प्युटर साईन्स वा विजनेश म्याथ लिई ४५ प्रतिशत अङ्क प्राप्त गरि उत्तिर्ण गरेको हुनुपर्नेछ । | | न्यूनतम दोस्रो श्रेणी (४५ प्रतिशत अङ्क प्राप्त गरेको) हुनुपर्ने |
| मानविकी तथा सामाजिक शास्त्र | स्नातक तहका सबै कार्यक्रमहरु | न्यूनतम "D+" Grade हुनुपर्ने | तह उत्तिर्ण (पास) |

नोट : Practical र Theoretical परीक्षा हुने विषयका हकमा Average/Final Grade लाई आधार मानिने छ ।

**नोटः** (१) छात्रवृत्ति दरखास्त फाराम अनलाइन मार्फत भर्नुपर्नेछ ।

(२) छात्रवृत्ति दरखास्त फाराम सरकारी, सामुदायिक तथा नेपाल सरकारको अनुदानमा संचालन भएका विद्यालय वा निजि तथा संस्थागत विद्यालयमा अध्ययन गरी एस.इ. इ. वा एस.एल.सी. उत्तिर्ण गरेका विद्यार्थीहरुले भर्न सक्नेछन् ।

(३) स्वास्थ्य विज्ञान संकाय अन्तर्गतको छात्रवृत्तिको सबै कार्यक्रमहरुको प्रवेश परीक्षा यो वर्षदेखि चिकित्सा शिक्षा आयोगबाट केन्द्रीकृत प्रवेश परीक्षा लिइने व्यवस्था भएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

### यो छात्रवृत्ति कोटा थपघट हुन सक्नेछ ।

| सि.नं | संकाय | कार्यक्रम संख्या | छात्रवृत्ति कोटा | स्थानिय | शिक्षक तथा कर्मचारी सन्तती | खुल्ला | सिमान्तकृत वर्ग |
|---|---|---|---|---|---|---|---|
| १ | व्यवस्थापन | ६ वटा | ६६३ | २ | २ | ३९८ | २६५ |
| २ | विज्ञान तथा प्रविधि(क) | ९ वटा | ३८७ | ८ | ५ | २२४ | १५० |
| ३ | विज्ञान तथा प्रविधि(ख) | २ वटा | ६० | ० | ० | ३६ | २४ |
| ४ | मानविकी तथा सामाजिक शास्त्र | ३ वटा | ३६ | ३ | ३ | २१ | १४ |
| | जम्मा कोटा | २० वटा | ११४६ | १३ | १० | ६७७ | ४५१ |

**स्नातकतह छात्रवृत्ति छनोट समिति-२०७७**

पोखरा विश्वविद्यालय

पोखरा-३०, कास्की, नेपाल ।